**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७/०७८ सालको निर्णय नं.४१

पुनरावेदन नं. : ०७६-RB-००११

पुनरावेदन दर्ता मिति २०७६।०४।२३

जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १५ कौशलटार स्थित क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि.को अख्तियारी प्राप्त संचलक निरन्जन कृष्ण श्रेष्ठ ............................१ **पुनरावेदक**

विरूद्ध

श्री मूल्यांङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं .................................... १

वीरगंज भंसार कार्यालय, वीरगंज, पर्सा ..........................................................१ **प्रत्यर्थी**

**मुद्दाः बढि भंसार मुल्याङ्कन (M९००८)**

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारीः**

शुरु निर्णय गर्ने कार्यालयः वीरगंज भंसार कार्यालय, वीरगंज, पर्सा

शुरु निर्णय मितिः २०७५/११/०७

**मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं।

निर्णय गर्ने पदाधिकारीः अध्यक्ष श्री निर्मलहरि अधिकारी

निर्णय मितिः २०७६/०१/२२

मुल्यांङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाडौंबाट भएको मिति २०७६।०१।२२ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनका म्यादभित्रै राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) तथा भन्सार ऐन, २०६४ को दफा ६२(२) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## संक्षिप्त तथ्य

१. Kshamadevi Aluminium Profile (Pvt.) Ltd., Bhaktapur ले Shandong Huajian Aluminium Group Co. Ltd., China को तारिख 26.12.2018 को बीजक संख्या HJ20181226-K अनुसार पैठारी गरी ल्याएको Anodized Aluminium Profiles को भन्सार मूल्य निर्धारणका लागि यस कार्यालयमा मिति २०७५/११/०६ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) वमोजिम मूल्य घोषणा गरी निवेदन दिएको देखिन्छ। प्रस्तुत फर्मले पैठारी गरी ल्याएको मालवस्तुको मूल्य सम्बन्धमा थप पुष्टयाई गर्न पैठारीकर्तालाई यस कार्यालयको च.नं. १४९२ मिति २०७५/११/०६ को पत्रबाट थप कागजात एवं प्रमाण पेश गर्न भनिएकोमा पैठारीकर्ताले मिति २०७५/११/०७ मा दिएको जवाफ, सोसंग संलग्न कागजात तथा मालवस्तुको गुणस्तर समेतलाई मध्यनजर गर्दा भन्सार ऐन, २०६४ को दफा १३(१२) वमोजिम पेश भएको Invoice को प्रति केजी CIF KOL USD ३.२० का दरले मूल्य कायम हुनका साथै कारोबार खर्च वापत घोषणा गरेको रकम रु. १,६२,०००।०० समेत जोडी कारोबार मूल्य कायम हुनेगरी मिति २०७५/११/०७ मा वीरगञ्ज भन्सार कार्यालयबाट निर्णय भएको।

२. पैठारीकर्ता क्षमादेवी आल्मुनियम प्रोफाइल, भक्तपुरले भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपादफा २ वमोजिम भन्सार मूल्य कायम हुन नसकेको, ततपश्चात प्राप्त प्रमाण र सूचनाहरुको आधारमा सोही ऐनको दफा १३ का उपदफाहरु ८,९,१०,११ र १२ क्रमशः अवलम्बन गरी मूल्य निर्धारण गर्ने सिलसिलामा यस्तै प्रकृतिको ASYCUDA Database मा उपलब्ध कारोवार मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएको हुँदा ASYCUDA Database समेतलाई आधार लिएर भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मूल्य कायम गर्नुपर्ने देखिएको भनी भन्सार कार्यालयले मिति २०७५/११/०७ मा पैठारीकर्ताले घोषणा गरेको मूल्यमा बृद्धिगरी कारोबार मूल्य कायम गरेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ बमोजिम, मालबस्तुको कारोवार मूल्यको आधारमा मूल्य निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ का प्रावधानहरुसँग मिल्ने गरी र पैठारी गरिएको देशमा उपलब्ध भएको तथ्याङ्कको आधार जस्ता उपयुक्त तरिकाहरु अपनाई भन्सार मूल्य निर्धारण गर्न सकिने

व्यवस्था मूल्यांकन निर्देशिका,२०६८ पहिलो संशोधन २०७२ मा उल्लेख गरिएको छ। भैरहवा भंसार कार्यालयको प्र.प.नं. १९६४३ ता. १२/०२/२०१९, सुख्खा बन्दरगाह भन्सार कार्यालयको प्र.प.नं. २३६० ता. ०४/०२/२०१९ लगायत यस्तै सामान अमेरिकी डलर ३.२० प्रति किलोमा आयात भएको आसिकुडा अभिलेख रहेको र यो करिब उस्तै समय भित्र रहेको हुँदा उक्त मूल्यलाई आधार लिई भन्सार कार्यालयको उपयुक्त प्रमाण र आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १२ वमोजिम कायम गरेको मूल्य USD ३.२० प्रति के.जी. उपर्युक्त निर्णय खण्डमा उल्लेख भए अनुसार भन्सार ऐन, नियमावली तथा मूल्यांङ्कन निर्देशिका वमोजिम कानूनसम्मत नै देखिंदा सदर हुने ठहर्छ भनी मूल्यांङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६/०१/२२ मा निर्णय भएको।

३. पुनरावेदक पैठारीकर्ताले SHANDONG HUAJIAN ALUMINUM CO. LTD. CHINA बाट USD २६००.०० MT का दरले 21 MT Anodized Aluminum Profile, (Invoice No HJ20101815, LC No. 18ILC1177) पैठारी गरेको हुँ। जसको कुल मूल्य USD ५४६००/- हुन आउँछ। उक्त Anodized Aluminum Profile को मूल्य मैले पेश गरेको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र (Letter of Credit) समेतका कागजातले स्पष्ट छ। सोही रकम भंसार ऐन, २०६४ को दफा १३(३) को प्रयोजनको लागि कारोबार मूल्य घोषणा गरेको छु। यसरी सम्पूर्ण कागजात पेश गरी मूल्य घोषणा गरेको अवस्थामा सो कारोबार मूल्यलाई मान्यता दिनु नपर्ने कारण के हो, प्रत्यर्थीहरुको निर्णयमा खुल्दैन। यस्तो स्पष्ट आधार र प्रमाणको विश्लेषण एवं विवेचना नभएको निर्णय त्रुटिपुर्ण छ। भंसार ऐन, २०६४ को दफा १३(९) मा उल्लेखित कानूनी व्यवस्था म पुनरावेदकको हकमा लागू हुन सक्ने पनि होईन किनकी पैठारी भएको सामानको Proforma Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र (Letter of Credit) समेतका कागजातहरु पेश गरेकै छु, सोमा शंका गर्नुपर्ने कुनै आधार र कारण छैन। पुनरावेदकले आयात गरेको सामानको मूल्य अन्तर्राष्ट्रिय बजारमा हरेक दिन हरेक घण्टा फरक-फरक भई रहन्छ। सो सामान कुनै अमुक व्यापारीले USD ३.२० प्रति के.जी. का दरले पैठारी गरेको भन्दैमा मलाई पनि सोही दर लागू गर्नु न्यायोचित हुदैंन/छैन।भैरहवा भंसार कार्यालयको प्र.प.नं. १९६४३ ता. १२/०२/२०१९, सुख्खा बन्दरगाह भन्सार कार्यालयको प्र.प.नं. २३६० ता. ०४/०२/२०१९ को प्रज्ञापन पत्र मलाई देखाई सुनाई गरी मेरो भनाई राख्ने मौका समेत प्रदान गरिएको छैन। यसरी गुपचुप गरी हचुवाका भरमा एक पक्षिय रुपमा कारोबार मूल्य बृद्धि गरी भंसार असुल गरेको प्रत्यर्थीहरुको निर्णय त्रुटीपूर्ण भै बदरभागी छ।

४. प्रत्यर्थी मुल्यांङ्कन पुनरावलोकन समितिले निर्णय गर्दा भंसार ऐन, २०६४ को दफा ६१(५) बमोजिम स्पष्ट कारण र आधार खुलाउनु गर्नेमा त्यस्तो आधार र कारण खुलाउन नसकेको निर्णय अन्तर्राष्ट्रिय व्यापारका नियम तथा रिती समेत विपरीत भएको हुँदा त्रुटिपूर्ण छ। अतः माथि लेखिए

वमोजिम पुनरावेदकले घोषणा गरेको कारोबार मूल्यलाई मान्याता नदिई सोमा बृद्धि गरी पुनरावेदकबाट भंसार महसुल, अतिरिक्त महशुल तथा मूल्य अभिबृद्धि कर समेत गरी जम्मा रु ५,६०,५००/- थप असुल गर्ने निर्णय गरेकोमा पुनरावेदकले कानून बमोजिम बुझाउनु पर्ने राजश्व रकम रु. १९,४०,३०३/- रकम भंसार कार्यालयमा रसिद नं. BRJ 03 209 R 11206 बाट बुझाई थप लागेको राजश्व रकम रु. ५,६०,५००/- भंसार कार्यालयमा रसिद नं. BRJ 03 209 R 11206 बाट धरौटी राखी सामान छुटाई लगेकोमा उक्त धरौटी राखेको रकम रु. ५,६०,५००/- पुनरावेदकलाई फिर्ता दिनु भन्ने आदेश समेत गरी पाऊँ भन्नेसमेत बेहोराको पुनरावेदकका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६/०४/२३ मा पेश भएको पुनरावेदन पत्र ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२४ मा भएको आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले आल्मुनियम झ्याल ढोकाको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरिकन फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट भएको निर्णय बदरभागी छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

७. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म निर्यात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान भएको पाईन्छ। Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गरेको हुन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ।

Asycuda प्रणालीबाट नै विजक मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

८. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसारहुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि. ले प्रज्ञापन पत्र नं. M९००८ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति के.जी.यु.एस.डलर २.६० रहेको भनि पेश भएको विजक Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना अनुसारको मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएको भनि उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा १२ बमोजिम प्रति के.जी. अमेरिकी डलर ३.२० मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो।

१०. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भंसार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M९००८ मार्फत आल्मुनियम मालबस्तु पैठारी गरेको देखिन्छ। उक्त मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले भंसार ऐन,२०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालवस्तुको मूल्य निर्धारण गर्न पेश गरेको विजक मूल्य Asycuda Database लगायत अन्य प्रणालीहरुबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएको भनि सोही दफाको उपदफा (६) बमोजिम उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिएन ।

११. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मालबस्तुको कारोबार मूल्य निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD ३.२० प्रति के.जी. मा आयात भएको देखिएको भनि भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD ३.२० प्रति के.जी. लाई अन्यथा भन्न सकिने आधार प्रमाण देखिएन।

१२. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि.ले प्र.द.नं.M९००८ बाट आयात गरेको Anodized Alumunium Profile को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।२२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु.............................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु......................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु..............................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने ना.सुःहेमन्त फुयाँल

इति सम्वत् २०७७ साल पुष महिना २७ गते रोज २ शुभम् ...............................................